Citizens Bank
केन्द्रिय कार्यालय नारायणहिटी पथ, काठमाडौ नेपाल, www.ctznbank.com

# CITIZENS NEWS BULLETIN

Year 2 | Issue 8 | November 2021

## CEO'S MESSAGE



Ganesh Raj Pokharel

First and Foremost, I would like to wish you all a very Happy Dashain, Nepal Samvat, Tihar, Chath, Lohsar, Christmas and a very Happy New Year. I trust all of us must have had a wonderful time over the past month celebrating the festivals with friends and family. I am also sure you are looking forward for the upcoming Christmas and New Year 2022.

As we move further closer to the end of 2021 and look forward to the year 2022, I feel that we should reflect on our strengths and weaknesses and ask ourselves what more we can do to help build a stronger Bank.

It is no secret that the times have been difficult for us. We have all had to face new and in many cases- very important challenges, both in our professional and personal lives. During these uncertain times, customer experience has become even more essential for all of us. Together we face this great challenge and together we have delivered.I appreciate your continued commitment to the Bank and its growth. We are confident we can make this mutually rewarding.

Even though we had and still have been facing difficult times, I am still proud to announce the net profit tillthe first quarter 2077/78 is NPR 68.7 crores.

Our reputation is our most treasured asset and the foundation on which we have established the Bank. By understanding, and embracing our customers' business problems, vision, project objectives and goals, we will be able to build stronger and lasting relationships that will yield long term results and will be able to become one of the top ten Bank of the country.

Turning to the Bank's financial strength, as on Aswin 2078 the Bank has reached to height where the Paid Up Capital is NPR 12.58 Billion, Total Deposits is NPR 145.6 Billion and Total Loan is NPR 132.7 Billion. The human resources of the Bank is more than 1600 people. I feel great to inform you that now we will become a bigger Bank and with the support from the esteemed stakeholders of the Bank and collective efforts of the management team and all staff;the Bank has been able to reach where we are today. With the same enthusiasm of my Citizens team, I am sure that we will be able to become top 10 Bank of the industry very soon.

I am also pleased to share that the Bank composites customers from 77 districts and has been providing services to its customers from all 7 Provinces of the country through 174 branches, 123 ATMs and 112 BLB locations. This portrays the well-established network of the Bank.

The Bank has done a lot of work to keep the corporate governance intact and various strategies has been adopted for proper risk management. The Bank has been appreciated by the Banking fraternity for corporate governance and risk management. We will always carry the slogan
"System Inside:: Image Outside"

I strongly believe that the system within the Bank must be strong, prompt and properly defined; whereas the image that we have in the society and among our stakeholders has to be good with top of the mind presence of the Bank. Once the system inside the organization is in the right place, it will automatically reflect the good image of the Bank in the market. We will never compromise on quality of our processes and service delivery. We will strive for excellence every day, every moment. I believe that each and every employee must be confident, competent and cooperative to the customers; for which the Bank has been providing best training facilities and cohesive working environment to all staff for the better performance.

Let us all work together to make Citizens Bank the leading Bank in the Industry.

**Jai Citizens Bank!!**



# Financial Highlights

## As on Ashwin End, 2078 (As per Unaudited Financial Report)

**EARNINGS PER SHARE**

**NPR 21.86**

**MARKET PRICE PER SHARE**


**NPR 318**

Amount in NPR


| PROFIT AFTER TAX | PROFIT BEFORE TAX | OPERATING INCOME | TOTAL ASSETS |
|---|---|---|---|
| 687,399,746 | 981,999,637 | 1,723,869,723 | 174,889,516,679 |

## As on Ashwin End, 2077/78

**Deposit (Amount in NPR mio)**




**Loan (Amount in NPR mio)**





**Number of Depositors**
**1,243,697**

**Number of Borrowers**
**60,504**


### ELECTRONIC BANKING USERS

| | | |
|---|---|---|
| Active Mobile Banking Users 385,209 | Active Internet Banking Users 31,142 | Active QR Merchants 7,751 |
| Active Card Users 216,316 | Active e-Com Card Users 439 | Active POS Merchants 460 |
| Active Remittance Users 70,094 | Active Demat Users 139,921 | Active Mero Share Users 115,677 |

### CITIZENS BANK'S REACH




| | BRANCHES | ATMs | BLBs |
|---|---|---|---|
| Province 1 | 26 | 12 | 17 |
| Province 2 | 27 | 19 | 07 |
| Bagmati | 43 | 47 | 61 |
| Gandaki | 12 | 08 | 05 |
| Lumbini | 50 | 27 | 10 |
| Karnali | 09 | 05 | 06 |
| Sudur Paschim | 07 | 05 | 06 |
| Total | 174 | 123 | 112 |




### EMPLOYEE STRENGTH, TRAINING AND DEVELOPMENTS

Male **930** **56.88%**



Female **705** **43.12%**

**Number of Employees 1635**

Number of Trainings 30

Number of Participants 1,174

Training Expenses NPR 1,382,682

# Training and Development





The employees are periodically provided with training opportunities in order to develop the necessary skills to not only survive, but also compete in this dynamic industry. The focus is provided such that long-term goals of the employees and the Bank are in line with each other. The structured, pragmatic and challenging training plans have enabled the Bank to extract maximum benefits from the available employees with maximum utilization of human resources with minimum diversions. The employees are further encouraged to share their knowledge with fellow colleagues to strengthen the technical expertise at hand. Furthermore, employees in specific departments are provided with precise technical knowledge to help them nurture in the specific field of knowledge.

Further, the country was hit by the second wave of the deadly Covid-19 pandemic which affected the people interacted. As a result, training sessions and programs found solace in virtual medium. However, with the availability of vaccines for the corona virus, many institutions were motivated to run training programs physically. Hence, the Bank opted in both physical as well as offline training modules during the first quarter of the Fiscal Year 2078/79. We believe that employees are the core strength of the Bank in the current time and they play a very significant role in the success of the Bank. Complying with our Human Resource Core Value which is to nurture, empower human capital and achieve their full potential; the Bank has been providing online training.

In the first quarter of FY 2078/79 the training details i.e. the kind of training and the number of staff benefited from the training is mentioned below.


## Training Provided in First Quarter

| S.N | Nature of Training Conducted | No of Training | No of Participants |
|---|---|---|---|
| 1 | Online Training through Training Institutes | 2 | 14 |
| 2 | Physical Training through Training Institutes | 3 | 33 |
| 3 | In-House Online Training | 43 | 2286 |
| 4 | In-House Physical Trainings | 5 | 275 |
| 5 | Calendar Programs | 9 | 28 |
| | **TOTAL** | **62** | **2636** |




## Province-wise Training Details

| S.No. | Provinces | No.of Staff Benefited |
|---|---|---|
| 1 | Province 1 | 142 |
| 2 | Province 2 | 158 |
| 3 | Bagmati Province | 445 |
| 4 | Province 4 | 43 |
| 5 | Gandaki Province | 328 |
| 6 | Province 6 | 34 |
| 7 | Sudur Paschim Province | 24 |
| | **Total** | **1174** |






# वित्तीय स्थायित्व कस्को दायित्व ?



नारायण राज अधिकारी

वि.सं. १९९४ सालमा सरकारी स्तरमा नेपाल बैंक लि.को स्थापनासँगै औपचारीक रूपमा शुरू भएको नेपालको बैकिङ्ग प्रणाली तीसको दशकसम्म पनि नियन्त्रणात्मक प्रणालीमा रहेर सञ्चालन भएको पाइन्छ । चालिसको दशकको पूर्वार्द्धदेखि भने नीजि क्षेत्रमा समेत बैंक वित्तीय संस्थाहरूको संख्यामा क्रमिक विस्तारका साथै प्रतिस्पर्धात्मक व्यवस्थाको सुरूवात भएको देखिन्छ । वर्तमान अवस्थासम्म आइपुग्दा बैंक वित्तीय संस्थाहरूको संख्या तथा यिनीहरूले समेटेको क्षेत्र र कारोबारको मात्रामा उल्लेख्य वृद्धी भएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकको भाद्र मसान्त सम्मको तथ्याँक अनुसार हाल देशमा २७ बाणिज्य बैंक, १८ विकास बैंक, १७ वित्त कंम्पनी, ७९ लघुवित्तीय संस्था र एक पूर्वाधार विकास बैंक गरि जम्मा १३२ संस्थाहरू सञ्चालित छन् भने क्रिष्टल फाइनान्स, सम्झना फाइनान्स र हिमालयन फाइनान्स गरी तीनवटा वित्त कंम्पनीहरू खारेजीको प्रक्रियामा रहेका छन् । त्यस्तैगरि २७ बाणिज्य बैंकका ४७७५ शाखा, १८ विकास बैंकका १०२९ शाखा , १७ वित्त कंम्पनीका २३७ शाखा, र ७९ लघुवित्तीय संस्थाका ४८४१ शाखाहरू गरि जम्मा १०८४२ शाखाहरू मार्फत विभिन्न किसिमका वित्तीय सेवा सुविधाहरू प्रदान गरिरहेका छन् । सोही समय सम्मको तथ्याँकलाई आधार मान्दा बैंक वित्तीय संस्थाहरूको निक्षेप कारोवारको आकार देशको कूल ग्राहस्थ उत्पादनको आकार भन्दा पनि झण्डै १०.६१ प्रतिशतले बढी रहेको देखिन्छ । अर्थात कूल ग्राहस्थ उत्पादनको आकार करिव ४२ खर्व ६६ अर्वको रहेको छ भने बैंक वित्तीय संस्थाहरूको निक्षेप कारोवारको आकार करिव ४७ खर्व १९ अर्वको हाराहारीमा रहेको देखिन्छ । हालको अवस्थामा बैंक वित्तीय संस्थाहरूको संख्या यिनीहरूको शाखा सञ्जाल र कारोवारको आकार एवं प्रतिस्पर्धाको स्तर हेर्दा आक्रामक तवरको देखिन्छ । आजको दिनमा बैंक वित्तीय संस्थाहरू शहरमा मात्र केन्द्रित नभएर गाँउगाँउमा समेत पुगेको देखिन्छ । देशमा भएको ७५३ स्थानीय निकाय मध्ये ७५० वटा स्थानीय नियकायहरूमा बाणिज्य बैंकका शाखाहरू विस्तार भैसकेको तथ्याँक केन्द्रिय बैंकको प्रतिवेदनमा पाइन्छ । तर यति हुँदा हुँदै पनि बैंक वित्तीय संस्थामा सबैको पहुँच अझै पुगेको देखिदैन । कम्तिमा एक बचत खाता हुने जनसंख्या देशको कूल जनसंख्याको करिव ६१ प्रतिशत मात्र रहेको देखिन्छ भने खाता भएकाहरूले पनि औपचारिक रूपमा बैंक वित्तीय संस्थाबाट कारोवार गर्नुभन्दा पनि नगदमै बढि कारोवार गरिरहेको पाइन्छ जस्ले गर्दा देशमा औपचारिक अर्थतन्त्रले सोचे अनुरूप गति लिन सकेको देखिदैन।

जवसम्म आर्थिक कारोवारहरू नगदको सट्टा बैक वित्तीय संस्थाहरू मार्फत हुँदैन तवसम्म देशको आर्थिक विकास एवं त्यसको एकिन मापन गर्न सकिदैन । बैक वित्तीय संस्थाहरू मार्फत नगद रहित आर्थिक कारोवारहरू भएको खण्डमा मात्र अनौपचारिक अर्थतन्त्रको नियन्त्रण हुन्छ र देश विकासमा समेत टेवा पुग्दछ । शंकास्पद आर्थिक कारोवार एवं भ्रष्टाचार जन्य गतिविध गर्नेहरूले नगद कारोवारलाई बढ्वा दिने गर्दछन । यस्ता शंकास्पद गतिविधिबाट राज्यले पाउनुपर्ने उचित कर/राजश्व समेत गुमाउने गर्दछ । जहाँ अवैध किसिमको आर्थिक कारोवार हुन्छ त्यहाँमात्र नगदमा कारोवारको आवश्यकता पर्न सक्छ । सबै किसिमको वैध आर्थिक कारोवारहरू बैक वित्तीय संस्था मार्फत गर्न सकिन्छ । आजको दिनमा वैध आर्थिक कारोवार गर्नेहरूलाई अपवाद बाहेक नगदको कुनै आवश्यकता नै नपर्ने परिस्थिति बनेको देखिन्छ । यदि नगदमै कारोवार गर्नुपर्ने अवस्था भएमा पनि १० लाखसम्म बैक वित्तीय संस्था मार्फत गर्न सकिने प्रावधान छ र सो भन्दा बढीको नगद कारोवारलाई देशको केन्द्रिय बैंकले वर्जित गरेको छ । १० लाख भन्दा बढीको नगद कारोवार आवश्यक परेको खण्डमा के कति कारणले आवश्यक परेको हो सो को यर्थाथ विवरण सम्बन्धित बैंक वित्तीय संस्थालाई लिखित रूपमा जानकारी गराएमा मनासिव माफिक औचित्यताको आधारमा प्रदान गर्न सकिने प्रावधान भने रहेको छ तर त्यस्ता कारोवारहरूको पूर्ण विवरण केन्द्रिय बैंकलाई अविलम्व उपलब्ध गराउनुपर्ने प्रावधान समेत रहेको छ ।

बैक वित्तीय संस्था मार्फत गरिने आर्थिक कारोवारबाट एकातर्फ हरेक ग्राहकलाई मेहनतको कमाइलाई सुरक्षित गर्दै सानो ठूलो बचत गर्ने बानिको विकास हुन्छ भने अर्कोतर्फ आम्दानी एवं खर्चको यर्थाथ विवरण स्टेटमेण्ट मार्फत प्राप्त हुने गर्दछ जसबाट महिनाभरी वा वर्षभरि के कति आम्दानी र खर्च भयो भनेर छुट्टै हिसाव किताव गरि राख्नुपर्ने झन्झटबाट समेत मुक्ति मिल्दछ । देशमा हुने हरेक आर्थिक क्रियाकलापहरू बैक वित्तीय संस्था मार्फत भएको खण्डमा वित्तीय प्रणाली मजवुद हुने गर्दछ र यसकासाथै सवल आर्थिक समृद्दिको लागि औपचारिक अर्थतन्त्रले समेत वित्तीय स्थायीत्व प्राप्त गर्ने गर्दछ । जहाँ धेरै नगदमा कारोवार हुन्छ त्यहाँ शंकास्पद अवैध आर्थिक क्रियाकलाप अत्याधिक हुनुका साथै अनौपचारिक अर्थतन्त्रले औपचारिक अर्थतन्त्रलाई नियन्त्रणमा लिने कोशिष गर्दछ । यदि अवैध किसिमका आर्थिक क्रियाकलापहरू अत्याधिकरूपमा बढेको छ भने देश दिनप्रति दिन गरिव हुँदै जाने तर त्यस्ता अवैध गतिविधिमा संलग्न हुने एकाध व्यक्तिहरू भने रातारात धनि हुने गर्दछन् जुन कुनै पनि मुलुकको लागि अत्यन्त घातक विषय हुन सक्छ ।

अवैध आर्थिक गतिविधहरूबाट हुने कारोवारको आकार विश्वभरी नै दिनप्रतिदिन बढ्दै गइरहेको अनुमान लगाइन्छ र यस्तो विषय आजको दिनमा कुनै एक देशको मात्र टाउको दुखाईको विषय नभएर विश्वभरिका मुलुकहरूमा नै व्याप्त रहेको देखिन्छ । अवैध आर्थिक गतिविधिमा संलग्न हुनेहरूको सञ्जाल विश्वभरी नै फैलिएको अनुमान गरिएको छ त्यसैकारण अर्न्तराष्ट्रिय रूपमा नै यस्ता शंकास्पद अवैध आर्थिक कारोवारलाई निगरानी एवं नियन्त्रण गर्ने उद्देश्यले एउटा संस्था समेत स्थापना गरिएको पाइन्छ । सन १९८९मा फ्रान्सको पेरिसमा स्थापित यस संस्थाको नाम फाइनानन्सियल एक्सन टाक्स फोर्स (एफएटिएफ) रहेको छ । यस संस्थाको मूख्य काम भनेको अर्न्तराष्ट्रिय स्तरमा हुने अवैध एवं गैरकानुनी आर्थिक कारोवारको मापदण्ड निर्धारण गर्ने र सोही आधारमा विश्वभरिका मुलुकहरूको वित्तीय प्रणाली मार्फत हुने अवैध आर्थिक कारोवारको निगरानी एवं नियन्त्रण गर्ने रहेको छ । एफएटिएफको सदस्यको रूपमा विभिन्न देश र संस्थाहरू आवद्द रहेको पाइन्छ जसमध्ये एसिया प्यासेफिक ग्रुप अफ मनि लण्डरिङ्ग (एपिजी) एउटा महत्वपूर्ण संस्था हो र नेपाल पनि यसै संस्थाको सदस्यको रूपमा अर्न्तराष्ट्रियरूपमा आवद्द रहेको छ । एफएटिएफले निर्धारण गरेको अर्न्तराष्ट्रिय मापदण्डको पालनाले कुनैपनि देशको वित्तीय प्रणालीलाई पारदर्शि बनाउनुको साथै वित्तीय स्थायित्वमा समेत मद्दत पुग्दछ । वित्तीय स्थायीत्वको लागि वित्तीय प्रणाली पारदर्शि हुनु अत्यन्त जरूरी छ । अवैध एवं गैरकानुनी आर्थिक कारोवारको रकम अपारदर्शि वित्तीय प्रणालीमा प्रवेश गर्ने खतरा प्रवल रहेको हुन्छ । एफएटिएफले निर्धारण गरेको अर्न्तराष्ट्रिय मापदण्ड विपरितका काम वित्तीय प्रणालीमा भइरहेको छ भने अवैध एवं गैरकानुनी आर्थिक कारोवारको रकमले वैधता पाउन सक्ने संम्भावना रहन्छ र यस्तो भएको लागेमा त्यस्ता देशलाई एफएटिएफले कालो सूचिमा समेत राख्न सक्दछ । एफएटिएफको कालो सूचिमा पर्नु भनेको कुनैपनि देशको वित्तीय प्रणाली अपारदर्शि प्रमाणित हुनुको साथै अर्न्तराष्ट्रिय स्तरमा विश्वसनियतामा समेत संकट उत्पन्न हुनु हो । यसबाट अर्न्तराष्ट्रिय स्तरमा हुने आयात निर्यातको व्यापारमा कठिनाई आउनुको साथै वैदेशिक मुद्रा आर्जनमा समेत अवरोध आउन सक्दछ । देश कालो सूचिमा पर्नु भनेको अनौपचारिक अर्थतन्त्रले जरा गाड्नु हो यसले गर्दा औपचारिक अर्थतन्त्र त तहस नहस हुन्छ नै साथसाथै त्यस देशका मेहनती नागरिकहरूको वैध आर्थिक कारोवारलाई समेत शंकाको घेरामा पुऱ्याई वित्तीय प्रणाली मै अस्थिरता सिर्जना गर्ने गर्दछ ।

मुलुको आर्थिक विकासको लागि वित्तीय प्रणालीलाई भरपर्दो र पारदर्शि बनाउनु अत्यन्त जरूरी छ तवमात्र वित्तीय स्थायीत्व प्राप्त हुने गर्दछ । वित्तीय प्रणाली पारदर्शि हुनको लागि बैंक वित्तीय संस्थाहरूको स्वनियमन एवं केन्द्रिय बैंकबाट हुने नियमन समेत कडा किसिमको हुनुपर्दछ । बैंक वित्तीय संस्था र केन्द्रिय बैंकमात्र कडा भएर मात्र वित्तीय प्रणाली पारदर्शि हुन सक्दैन यसका लागि बैंक वित्तीय संस्थामा कारोवार गर्ने प्रत्येक ग्राहक पनि राज्यप्रति उत्तिकै उत्तरदायी एवं अनुशासित बन्नुपर्ने हुन्छ । राज्य र यसका विभिन्न निकायहरूले निर्धारण गरेको हरेक नियम कानुनको अक्षरशः पालना गर्नु प्रत्येक नागरिकको कर्तव्य र दायित्व दुवै हो यसो भएको खण्डमा मात्र बैकिङ्ग कारोवार सहज हुनुका साथै वित्तीय प्रणालीले स्थीरता प्राप्त गर्ने गर्दछ । तर पछिल्लो क्रममा गतिविधिहरूलाई नियालेर हेर्ने हो भने राजनैतिक अस्थिरताले गर्दा यस्ता कुरा आर्दशको कुरा जस्तो मात्रै भएको विभिन्न घटना र परिघटनाहरूबाट देखिएका छन् । त्यस्तैगरि बैंक वित्तीय संस्थाका पछिल्ला गतिविधिहरू पनि केन्द्रिय बैंकको कडा नियमनको अक्षरश पालना गर्ने भन्दा पनि यस भित्रका छिद्रहरू खोज्ने र त्यसैमा बसेर रमाउने खालका देखिएका छन् जुन दीर्घकालिनरूपमा वित्तीय स्थायित्वको लागि घातक हुन सक्दछ । तसर्थ हरेक सर्वसाधारण, उद्योगी, व्यवसायी, पेशाकर्मी एवं संघ संस्था सबैले आ-आफ्नो तह तप्काबाट इमान्दारीतापूर्वक राज्य र यसका विभिन्न निकायहरूले निर्धारण गरेको हरेक नियम कानुनको अक्षरशः पालना गरेको खण्डमा मात्र वित्तीय प्रणालीलाई पारदर्शि बनाउन सकिने छ र देशलाई कालो सूचिमा पर्नबाट बचाउन सकिने छ, अनिमात्र देशले वित्तीय स्थायीत्व प्राप्त गरेर आर्थिक विकासले समेत गति लिन सक्छ ।



# उद्यमशीलता प्रवर्द्धनको आधार : सहुलियतपुर्ण कर्जा

कृषि तथा पशुपन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्घन गरी उत्पादन एवम् रोजगारी अभिवृद्धि गर्न, शिक्षित बेरोजगार युवाहरूलाई मुलुक भित्र रोजगारीका अवसरहरू सिर्जना गर्न, विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई स्वरोजगार बनाउन, महिलामा उद्यमशील क्षमताको विकास गर्न, दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवम् प्रवर्द्घन गरी उद्यमशीलता विकास गर्न, आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि तथा भुकम्प पीडितहरूको निजी आवास निर्माणका लागि बैक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा नेपाल सरकारबाट ब्याज अनुदान सुविधा उपलब्ध हुनेगरी प्रवाह हुने कर्जा नै सहुलियतपुर्ण कर्जा हो ।

नेपाल सरकारले सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा व्यवस्था गरे अनुरूप विभिन्न दश शीर्षकमा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ । सरकारले उद्यमशीलतालाई प्रोत्साहन गरी बेरोजगारी न्यूनिकरण गर्दै बि. सं २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा पुऱ्याई सम्वृद्ध नेपाल सुखी नेपाली को साझा राष्ट्रिय लक्ष्य पुरा गर्नेगरी १५ योजनाले दीर्घकालीन सोच राखेको छ । उद्यमशीलता वृद्धिका लागि पनि सहुलियतपूर्ण कर्जामा पछिल्लो समय आकर्षण बढ्दै गएको छ जसले गर्दा १५ औँ योजनाको दीर्घकालीन सोचलाई पुरा गर्न मद्धत पुग्ने देखिन्छ । सरकारले आर्थिक वर्ष २०७०/७१ बाट बैक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जामा ब्याज अनुदान सुविधा उपलब्ध गराउंदै आएको छ । सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ (तेश्रो संशोधन) अनुसार प्रवाह हुने दश प्रकारका कर्जाको लागि कार्यविधिमा तोकिएका व्यवसाय गर्न सहुलियतपुर्ण कर्जाको व्यवस्था गरेको छ । सहुलियतपुर्ण कर्जा प्राप्त गर्न नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी तथा लघुवित्त वित्तीय संस्थामा निवेदन दिनुपर्छ ।




रू. दश लाख भन्दा बढीको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा र कपडा उद्योग सञ्चालनका लागि दिइने कर्जामा बाहेक अन्य सहुलियतपुर्ण कर्जामा अनिवार्य रूपमा कर्जाको बीमा गर्नुपर्ने व्यवस्था रहेको छ । ब्याज अनुदान सुविधा सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ लागू भएपछि नयाँ कर्जा लिने ऋणीले मात्र ब्याज अनुदान पाउने व्यवस्था भएकोले पुराना ऋणीले ब्याज अनुदान पाउँदैनन् । व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाको हकमा यदि कसैले व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७३ बमोजिम कर्जा प्राप्त गरेको भएमा उनीहरूले अनुदान प्राप्त गर्दछन् ।

सरकारले चालु आर्थिक वर्ष २०७८/७९ को बजेट मार्फत स्नातक वा सो भन्दामाथि शैक्षिक योग्यता हासिल गरेका युवालाई प्रमाणपत्र धितो राखेर सहुलियत ब्याजमा ऋण दिने घोषणा गरिसकेको छ । युवाहरूले शैक्षिक प्रमाणपत्र धितो राखी अधिकतम पाँच प्रतिशत व्याजदरमा यसअघि दिइदै आएको ७ लाखको सीमा बढाएर २५ लाखसम्म कर्जा पाउने व्यवस्था गरेको छ । आफ्नो शैक्षिक प्रमाणपत्रको सक्कल प्रतिको ९ऋभचतषष्अबतभ० धितोमा व्यवसाय/उद्यम गर्नका लागि उद्यम सञ्चालन तथा कर्जा उपयोग सम्बन्धी संक्षिप्त प्रस्तावको आधारमा सहुलियतपुर्ण कर्जा पाउन सक्छन् । तर तुलनात्मक रूपमा यस शीर्षकमा कर्जा पाउनेको संख्या भने न्यून रहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरूले ब्याज अनुदानको कर्जा प्रवाह गर्दा आधारदरमा २ प्रतिशत मात्र थप्न सक्ने व्यवस्था छ । यसरी निर्धारण हुने कर्जामा ५ प्रतिशत ब्याजदर अनुदान उपलब्ध हुनेछ । महिला उद्यमशीलता कर्जामा भने यस्तो अनुदान ६ प्रतिशत दिइएको छ । ५ करोड रूपैयाँ भन्दा माथिको व्यावसायिक कृषि तथा पशुपक्षी कर्जामा भने २ प्रतिशत मात्र ब्याजदर रहेको छ । बढीमा ५ वर्षको भुक्तानी अवधि ननाघ्ने गरी बैक तथा वित्तीय संस्थाहरूले व्यवसायको प्रकृतिअनुसार भुक्तानी अवधि तय गर्न सक्छन् । यस्तो कर्जाको ब्याजदर दर्ता गर्दा बैक तथा वित्तीय संस्थाले आफ्नो आधार ब्याजदरमा अधिकतम २ प्रतिशत मार्जिन जोड्न पाउँछन् । ऋणीसँग ब्याज बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन पाउंदैनन् । सहुलियतपूर्ण ब्याज अनुदान कर्जाहरूका लागि अर्थ मन्त्रालयले नै बजेट उपलब्ध गराउँदै आएको छ । विगत ७ वर्षमा सरकारको ब्याज अनुदानको सहुलियतपूर्ण कर्जामा ५ अर्ब ६९ करोड रूपैयाँ खर्च गरिसकेको छ । नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांक अनुसार २०७८ साउन मसान्त सम्ममा १ लाख ११ हजार ४ सय ७१ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रू.१७२ अर्ब १७ करोड कर्जा बक्यौता रहेको छ । यसमध्ये कृषि तथा पशुपंक्षी व्यवसाय कर्जा अन्तर्गत ४८ हजार ४ सय ९८ ऋणीलाई प्रवाह भएको रू.११२ अर्ब ७५ करोड कर्जा रहेको छ भने महिला उद्यमशीलकर्जा अन्तर्गत ६० हजार ३ सय २२ महिला उद्यमीलाई प्रवाह भएको रू.५५ अर्ब ७९ करोड कर्जा रहेको छ । सहुलियतपूर्ण कर्जाका अन्य शीर्षक अन्तर्गत २ हजार ६ सय ५१ ऋणीको रू.३ अर्ब ६४ करोड कर्जा बक्यौता रहेको छ ।

विभिन्न दश शीर्षकमा सहुलियत कर्जा पाइने व्यवस्था रहेपनि व्यावसायिक कृषि र महिला उद्यमशीलता कर्जाले मात्रै व्यापकता पाएको छ भने अन्य शिर्षकमा सहुलियत कर्जा पाउनेहरूको संख्या न्यून देखिन्छ । तथापी राज्यले अंगिकार गरेको उपयुक्त नीतिबाट लाभान्वित हुनुपर्ने वास्तविक र लक्षित वर्गले सहज पहुँच प्राप्त गर्न गर्न नसकी उपलब्धी हाँसिल गरेको देखिँदैन ।

विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरूलाई स्वरोजगार बनाउन विदेशबाट फर्केका युवा परियोजना कर्जा १० लाखसम्म दिने व्यवस्था छ तर यसको पूर्ण कार्यान्वयन अझै हुन सकेको छैन । विदेशबाट फर्किएको युवाहरूको सही व्यवस्थापन भएमा उनीहरूले सिकेको ज्ञान, सीप र दक्षताको सही उपयोग भई उत्पादकत्व बढाउन सकिने प्रचुर सम्भावना देखिन्छ । स्वःउत्पादनले आत्मनिर्भर बन्न सक्ने सुवर्ण मौका छ । देशभित्र रहेका स्रोत साधनको अधिकतम उपयोग गरी न्युन लागतमा उत्पादन गर्न र विदेश निर्यात गर्न सक्ने सम्भावना समेत उत्तिकै रहेको छ । व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा बाहेक अन्य शीर्षकमा प्रवाह भएको कर्जामा उक्त परियोजना नै धितोमा रहनुपर्ने व्यवस्था रहेको छ । उक्त परियोजनाको मात्र धितोमा कर्जा प्रवाह हुदाँ उच्च जोखिम हुने भएकोले अन्य क्षेत्रमा बैंक तथा वित्तीय संस्थाले सक्रिय भएर कर्जा प्रवाह नगरेका हुन् कि भन्ने आम बुझाई रहेको देखिन्छ । बैंक तथा वित्तीय संस्थामा आम सर्वसाधारणकै रकम जम्मा हुने भएकोले त्यसको दुरूपयोग नहोस् भन्नका लागि बैंक तथा वित्तीय संस्थाले आवश्यक सावधानी अपनाएर निश्चित प्रक्रिया पुर्याएर मात्र कर्जा प्रवाह गर्दै आएका छन् ।

कतिपयले सहुलियत कर्जा लिनका लागि तोकिएका मापदण्ड नै नपुर्याउँदा पनि कर्जा लिन सकेका छैनन् । लक्षित वगमा वित्तीय साक्षरताका साथै वित्तीय सूचनाको पहुँच अझै पनि पुग्न सकेको छैन । सहुलियत कर्जाको सहि सदुपयोग मार्फत देश भित्रै उद्यमशीलता मार्फत आन्तरिक रोजगारी सृजनाका साथै आफ्नो आर्थिक स्तर सुधार गर्न मद्धत पुग्दछ ।

ब्याज अनुदान सम्बन्धी कर्जा सुविधा लिएका ऋणीले समयमै कर्जाको साँवा ब्याज भुक्तानी गर्नुपर्दछ । समयमै कर्जा भुक्तानी नगरेको अवस्थामा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने, ऋणीको पासपोर्ट रोक्का, ऋणको नाममा रहेको चलअचल सम्पत्ति बिक्रीमा बन्देज, बैंकमा खाता रोक्का लगायत सुविधाबाट वञ्चित हुनेसम्म सहुलियतपुर्ण कर्जाका बारेमा कुनै गुनासो भएमा नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभाग वा राष्ट्र बैंकको प्रदेशस्थित कार्यालयहरूमा गुनासो गर्न सकिने व्यवस्था रहेको छ । उल्लेखित शीर्षकमा प्रवाह भएको कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था गरी सरकारले सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गरेपनि बैंक र ऋणीबीच विश्वासको वातावरण बन्न नसक्दा कार्यक्रम अपेक्षाकृत रूपमा अगाडि बढ्न नसकेको अवस्था छ । सहुलियतपुर्ण कर्जा ज्ञान सीप क्षमता भएका युवाहरूलाई उद्यमशीलता तर्फ आकर्षित गर्न महत्वपूर्ण औजार बन्न सक्दछ तसर्थ यसतर्फ सरोकारवालाको ध्यान जान जरूरी छ भने थप प्रभावकारी कार्यन्वयनको माध्यमबाट उपलब्धी हाँसिल गर्ने हो भने राज्यका तर्फबाट नीति निर्माण गर्ने क्रममा यस्ता कर्जा निष्कृय भएमा निक्षेप तथा कर्जा सुरक्षण कोषले बीमा रकम भुक्तानी प्रक्रियालाई सरलीकरण गरी बीमाको सुनिश्चितता
गरिनुपर्छ ।

बीमाको रकम भुक्तानी प्रक्रिया झन्झटिलो भएको र धितो समेत नहुने भएकोले बैंक तथा वित्तीय संस्था यस तर्फ आर्षित नभएको अवस्थामा बाध्यकारी व्यवस्था गर्नु भन्दा प्रक्रिया सरलीकरण भएमा तोकिएको न्युनतम संख्या भन्दा अधिक कर्जा प्रवाह हुने र रोजगारी श्रृजना भई आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

**- केदार अधिकारी, अचुत पौडेल, मनोज पराजुली**

## समय ढल्दैछ है.....

**Tirtha Raj Nepal**

उज्यालोमा देखेका सपनाहरू
भविष्यका कल्पनाहरु
ईच्छा आकांछाका खातहरू
तबग्रेल्तीछन्
तर तीनको पछि दगूर्दै
योज्यान
हरएक सेकेन्डमा
थप एक सेकेन्ड मरेको
बिल्कुल चाल पाउंदैन !

मान्छेनहुँ मानवता सामाजीक चरित्र
पनी छ मनमा..
तर गाँउमा पूजा लाग्छ सकिन्छ
बिहेआउँछ जान्छ
आफुँ भित्र भित्रै गुम्सीदै
उज्यालो वातानुकुलीत परिवेशमा
अनकन्टार जीवन बाँच्दा बाँच्दै यो ज्यान
छिमेकीले यी भाई कोनी
भन्ने गरेको साथीभाई कोशौं टाडा सरेको
बिल्कुल चाल पाउँदैन!
आजभोली त रिसमा पनी हाँस्न सिकिएछ
बानी परेछ भावावेगमामुखुन्डो
टाँस्न सिकिएछ आज त गयोनी
भोली मेरै होनी रमाईलो गरौला समय छँदै छनी
भन्दै भर्खरै चालिस कटेका पल्ला घरे साँल्दाजुको
हिजो मात्र मलामीगको योज्यान दिनहुँ समय ढल्ने
गरेको तरपनी आफुले आफैलाई छल्ने गरेको
बिल्कुल चाल पाउँदैन!!!!

**- Pratikshya Khanal**

छोरी भई जन्म लिएर आयौं
न्याय नपाउँदा कति दुख पायौं
जोगाउन गाह्रो भयो फुल फलेर
हिडन पनि छैन कतै खुलेर

पहुँचले र पैसाले घुस खुवाउदै
हिडछन ती अपराधी छाति फुलाउदै
झन जागे अपराधी भनेर भैन
घर गाडि मन्दिरमा पनि सुरक्षा छैन,

छोरा सरह छोरी पनि जहाँ जाऊँ
ढुक्क भई बाँच्न हामीले पाऊँ
यो विषको वृक्ष जगबाटै मासियोस
बलत्कारीलाई अब याहाँ फाँसी होस ।

# बैंकका गतिविधिहरू

## सिटिजन्स बैंकको सातौं विशेष साधारण सभा सम्पन्न




सञ्चालक समितिको तर्फबाट अध्यक्ष राजन सिंह भण्डारीले सिर्जना फाइनान्स लिमिटेडललाई प्राप्ति (एक्विजिसन) गर्नका लागि गर्नु भएको विशेष प्रस्ताव विशेष साधारण सभाबाट सर्वसम्मत रूपमा पारित भएको हो । यस विशेष साधारण सभाले सिर्जना फाइनान्स लिमिटेड र सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड बीच भएका प्रारम्भिक सहमति तथा अन्तिम सम्झौता पत्रहरूको अनुमोदन गरेको छ । सिर्जना फाइनान्स लिमिटेडको १०० कित्ता शेयरलाई सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको ९५ कित्ता शेयर (१:०.९५) दिने गरी शेयर मूल्य अनुपात (Share Swap Ratio) कायमगरिएको छ ।


नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजत प्राप्त, बिराटनगरमा प्रधान कार्यालय रहेको सिर्जना फाइनान्स लिमिटेडको पनिमिति २०७७ जेठ २७ गते सम्पन्न विशेष साधारण सभाले समेत सिर्जना फाइनान्स लिमिटेडलाई प्राप्तिका लागि स्वीकृति प्रदान गरिसकेको छ । दुबै बैंक तथा फाइनान्सको विशेष साधारण सभाले स्वीकृति दिए सँगै सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडलाई सिर्जना फाइनान्स लिमिटेड प्राप्तिगर्नका लागि बाटो खुलेको हो । यसै आ.व. भित्र सिर्जना फाइनान्स लिमिटेडललाई संयुक्त कारोबार प्राप्ति गरी संयुक्त कारोबार प्रारम्भ गर्ने गरी तयारीहरू भइरहेको सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडका अध्यक्ष राजन सिंह भण्डारीले जानकारी दिदैं डिजिटल प्लाटफर्ममा उल्लेखनीय सहभागिताका लागी शेयरधनीहरूलाई बैंक संचालक समिति सम्पूर्ण सदस्यहरूको तर्फबाट आभार प्रकट गर्नुभयो । यसका साथ साथै प्राप्ति पश्चात बैंकको वित्तीय, मानवश्रोत, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि हुने कुरा व्यक्त गर्नुभयो ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र बन्दीपुर माउन्टेन रिसोर्ट्ट बीच छुट सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र बन्दीपुर तनहुँ स्थित बन्दीपुर माउन्टेन रिसोर्ट्ट बीच सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट/क्रेडिट कार्डवाहक तथा कर्मचारीहरूले बन्दीपुर माउन्टेन रिसोर्टको विभिन्न सेवाहरूमा विशेष छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।




## सिटिजन्स बैंकका ग्राहकहरूले ग्रोडेलीमा विशेष छुट प्राप्त गर्ने



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र ग्रोडेली बीच सिटिजन्स बैंकका मोबाइल बैकिङ्ग प्रयोगकर्ताहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । नेपालमा उत्पादित किराना सामाग्रीहरूको प्रबर्द्धनका लागि स्थापित ग्रोडेलीसँगको यस सहकार्य पश्चात् सिटिजन्स बैंकका मोबाइल बैकिङ्ग प्रयोगकर्ताहरूले ग्रोडेली मार्फत अनलाइन अर्डर गरी क्यूआर मार्फत भुक्तानी गर्दा विशेष छुट प्राप्त गर्नेछन् ।

# बैंकका गतिविधिहरू


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र द एभरेष्ट होटेल बीच छुट सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र द एभरेष्ट होटेल, बानेश्वर बीच सिटिजन्स बैंकको कार्डबाहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले द एभरेष्ट होटेलको सेवा सुविधामा विशेष छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

## सिटिजन्स बैंकको ओम्नी च्यानलमा आधारित डिजिटल बैंकिङ्ग सेवाको सुरूवात

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले ओम्नी च्यानलमा आधारित डिजिटल बैंकिङ्ग सेवाको सुरूवात गरेको छ । बैंकले आफ्ना बैंकिङ्ग सेवाहरू मोबाइल फोन वा वेब ब्राउजरका माध्यमबाट समेत प्रयोग गर्न मिल्ने गरी यो सेवाको सुरूवात गरेको हो । हालको मोबाइल बैंकिङ्ग एपलाई स्तरोन्नती गर्दै बैंकले सिटिजन्स बैकमा खाता भएका एवं नभएका ग्राहकहरूलाई समेत लक्षित गर्दै बिना चेक इ क्यास पठाउने, रकम जम्मा गर्न अघि इ भौचर प्रयोग गर्ने, बैंकमा अपोइन्टमेन्ट लिने लगायतका सुबिधा थप गरेको छ । यसका साथै ग्राहकहरूले मुद्दति खाता खोल्ने, रेमिटेन्स पठाउने, खाताको बिबरण हेर्ने, रकमान्तर गर्ने, अनलाइन भुक्तानी गर्ने, क्यूआर कोड मार्फत भुक्तानी गर्ने लगायतका उपयोगी सेवा प्राप्त गर्न सक्नेछन् । यस स्तरोन्नत्ती संगै अब बैंकका ग्राहकहरूले बैंकमा नगई मोवाईल वा कम्प्यूटरका माध्यमबाट घरमै बसिबसि बिभिन्न बैंकिङ्ग सेवाहरू सहज रूपमा प्राप्त गर्न सक्ने विश्वास बैंकले लिएको छ ।




## सिटिजन्स बैंक र लुजा मेक अप स्टुडियो एण्ड स्किन केयर बीच छुट सम्झौता



सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र पुतलिसडक, काठमाण्डौं स्थित लुजा मेक अप स्टुडियो एण्ड स्किन केयर प्रा. ली. बीच सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात सिटिजन्स बैंकका डेबिट, क्रडिट तथा प्रिभिलेज कार्डवाहक ग्राहक एबं कर्मचारीहरूले लुजा मेक अप स्टुडियो एण्ड स्किन केयर प्रा. ली. को विभिन्न सेवाहरूमा विषेश छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

## सिटिजन्स बैंक र र लस्कर फूड्स एण्ड डेलिभरि सर्बिसेस बीच छुट सम्झौता




सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र पक्नाजोल, काठमाण्डौं स्थित लस्कर फूड्स एण्ड डेलिभरि सर्बिसेस प्रा. ली. बीच सहकार्य गर्ने सम्बन्धी समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त सम्झौता पश्चात सिटिजन्स बैंकका मोबाइल बैकिङ्ग ग्राहक एबं कर्मचारीहरूले लस्कर फूड्स एण्ड डेलिभरि सर्बिसेस प्रा. ली. को विभिन्न सेवाहरूमा विषेश छुट पाउँनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने विश्वास बैंकले लिएको छ ।

